द्वारिकादेवी ठकुरानी

# पहिलो महिला मन्त्री



जन्म : वि.सं. १९७२

मृत्यु : वि.सं. २०५९ मङ्सिर २४

प्रजातन्त्र नै यस्तो व्यवस्था हो, जहाँ सबै वर्ग, क्षेत्र, जात, समुदाय र विचारले स्वतन्त्रतापूर्वक प्रतिस्पर्धा गर्ने अवसर पाउँछन्। प्रजातन्त्रमा कृपा र आशीर्वादमा होइन, नागरिकको उन्नति प्रतिस्पर्धा र श्रेष्ठताका आधारमा हुन्छ। नागरिकले आफ्नो शासक आफैँ छान्ने र निश्चित प्रक्रियामार्फत आफूमाथि आफैँ शासन गर्ने व्यवस्था प्रजातन्त्र हो। शताब्दीऔँदेखि दबाइएका, हेपिएका र चेपिएका वर्गले प्रजातन्त्रमा स्वतन्त्रताको सास फेर्छन्। २०१५ सालमा नेपालमा आयोजना गरिएको प्रथम आमनिर्वाचन नागरिकका स्वतन्त्र चाहना अभिव्यक्त र अभ्यास गर्ने पहिलो ऐतिहासिक पर्व थियो। त्यही पर्वमा सबैलाई उछिनेर एक महिला अघि आउनुभएको थियो- द्वारिकादेवी ठकुरानी।

नेपालको राजनीतिक इतिहासमा ऐतिहासिक महत्त्व राख्ने ०१५ सालको निर्वाचनमा १ सय ९ स्थानमध्ये एक स्थानमा मात्र जित्ने महिलाका रूपमा द्वारिकादेवीले कीर्तिमान राख्नुभएको थियो। सुदूरपश्चिमको डडेल्धुराबाट निर्वाचित द्वारिकादेवी आधाभन्दा बढी हिस्सा ओगटेका महिलाको प्रतिनिधित्व गर्ने एक मात्र महिला हुनुहुन्थ्यो, जसले सरकारमा सहायकमन्त्रीका रूपमा प्रतिनिधित्व गर्ने अवसर पाउनुभएको थियो।

पिछडिएको, अशिक्षित र असचेत नेपाली समाजमा महिलाले राजनीति गर्नुलाई एक किसिमको अपराधसरह नै ठानिने समयमा द्वारिकादेवीले राजनीतिको झन्डा उठाउनु कम जोखिमको कुरा थिएन। विकास, चेतना र प्रकृतिका आधारमा पछौटे अवस्थामा रहेको सुदूरपश्चिमबाट महिलाले चुनाव जित्नु स्वयम्मा एउटा विद्रोह थियो। पितृसत्तावादी समाजमा पुरुषलाई नै पराजित गरेर चुनाव जित्न द्वारिकादेवीलाई फलामको चिउरा चपाउनुजस्तै असम्भव बनेको थियो। तर, स्पष्ट राजनीतिक चेतना, नेपाली काङ्ग्रेसको इजाजत र दृढ इच्छाशक्तिका कारण उहाँले त्यस्तो व्यवधानलाई पनि सजिलै पराजित गर्नुभयो। महिलाको चेतनास्तर र क्रियाशीलता न्यून रहेको समाजमा चुनाव लड्दा द्वारिकादेवीले अनेक आरोप र लाञ्छनाहरूको सामना

गर्नुपऱ्यो । 'पेटीकोटलाई भोट नदेऊ, त्यो पोइल जानेछ' भन्दै विरोधीहरूले गरेको अराजनीतिक र असभ्य प्रचारलाई चिरेर द्वारिकादेवी विजयी हुनुभएको थियो । आफूमाथि आरोप लगाउनेहरूलाई 'तिमी आमाको गर्भबाट आयौ कि बाबुको ?' भन्ने ओठे प्रश्न गर्दै उहाँले आफ्नो निर्वाचन अभियानलाई सफल पार्नुभएको थियो ।

सम्वत् १९७२ मा डडेल्धुरामा जन्मिनुभएकी द्वारिकादेवी २१ वर्षको युवा अवस्थादेखि राजनीतिमा संलग्न हुनुभएको थियो । ००१ सालमा एनडी प्रकाशको सम्पर्कबाट उहाँ राजनीतितर्फ आकर्षित हुनुभएको थियो । ००३ सालमा काङ्ग्रेसको स्थापना भएलगत्तै काङ्ग्रेसमा आबद्ध हुनुभएकी द्वारिकादेवी ००७ सालको क्रान्तिमा काङ्ग्रेसका तर्फबाट सक्रिय हुनुभएको थियो । त्यस बेलामा काङ्ग्रेसले लिएको हतियारसमेत उठाउने घोषित नीतिको कार्यान्वयनका लागि उहाँले निकै जोखिमयुक्त कामसमेत गर्नुभएको थियो । आजको दिनमा उभिएर हेर्दा पनि आङ जिरिङ्ग हुने त्यस्ता क्रियाकलाप निर्भयताका साथ सम्पन्न गरेका कारण नै उहाँमाथि काङ्ग्रेस नेतृत्वले भरोसा गरेको थियो । उहाँले पुर्ख्यौली सम्पत्तिका रूपमा आफूसँग भएका बन्दुक त्यतिबेलाका क्रान्तिकारीहरूलाई उपलब्ध गराउनुभयो । घर, परिवार र ज्यानको समेत माया मारेर जोखिम उठाउने क्रान्तिकारी योद्धाहरूलाई गाँस र बास दिनका लागि उहाँले कुनै झन्झट र कष्ट मान्नुभएन ।

प्रजातन्त्रको स्थापनापछि द्वारिकादेवीले भूगोलका सीमाहरू पार गर्दै आफ्नो भूमिका राष्ट्रियस्तरसम्म पुऱ्याउनुभयो । यहीबीचमा उहाँले पति र छोराको बिर्सनै नसकिने वियोग बेहोर्नुपऱ्यो । व्यक्तिगत जीवन जति दुःखी भए पनि उहाँको मन राजनीतिबाट भने टाढिएन । ०१२ सालमा द्वारिकादेवीको नेपाली काङ्ग्रेसका नेता बीपी कोइराला, सूर्यप्रसाद उपाध्याय र एनडी प्रकाशसँग भेट भयो । त्यस भेटमा तीनै जना नेताहरूले उहाँलाई निर्वाचन लड्न अनुरोध गर्नुभयो । नेताहरूको अनुरोधलाई स्वीकार्दै द्वारिकादेवी ०१५ सालको प्रथम आमनिर्वाचनमा उम्मेदवार बन्नुभयो ।

राजनीतिका साथै सामाजिक सेवामा पनि त्यत्तिकै तदारुकताका साथ क्रियाशील बन्नुभएकी द्वारिकादेवीले आमाबाट दाइजोस्वरूप पाएको छ हजारमध्ये चार हजार रुपियाँले गाउँमै विद्यालय खोल्नुभएको थियो । जिल्लाभरिमा एकाध विद्यालय हुने त्यस समयमा उहाँले गाउँमै खोल्नुभएको विद्यालयले धेरैका आँखा खोलेको थियो ।

०१५ सालको आमनिर्वाचनपछि बीपी कोइरालाको नेतृत्वमा गठित नेपाली काङ्ग्रेसको सरकारमा द्वारिकादेवी सहायकमन्त्री बन्नुभयो । इतिहासमा कहिल्यै महिला मन्त्री नभएको देशमा त्यो एउटा आश्चर्य र अनौठो घटना थियो । अनुभवका हिसावले पनि द्वारिकादेवी नयाँ नै हुनुहुन्थ्यो । तर, काम गर्दै र सिक्दै जाँदा उहाँले कुनै अप्ठेरो महसुस गर्नुपरेन । भित्रभित्रै प्रजातन्त्रको हत्या गर्ने षड्यन्त्रका तानावाना बुन्न व्यस्त राजा महेन्द्रले त्यो निर्वाचित सरकारलाई डेढ वर्ष पनि काम गर्न दिएनन् । ०१७ पुस १ मा सेनाको आडमा उनले सरकार मात्र भङ्ग गरेनन्, बहुदलीय प्रजातन्त्रमाथि नै प्रतिबन्ध लगाएर तानाशाही व्यवस्था सुरु गरे । त्यसपछि द्वारिकादेवी देशभित्र बस्न सक्नुभएन । मन्त्रीबाट बर्खास्त हुँदा साथमा भएको एक हजार रुपियाँ बोकेर उहाँ भारतको पिथौरागढतिर लाग्नुभयो । त्यहाँ उहाँले १६ नेपाली महिलालाई बन्दुक चलाउने तालिमसमेत दिनुभएको जीवित अवस्थामा लिइएको एक अन्तर्वार्तामा बताउनुभएको छ । कम्मरमा लौका बाँधेर नदी वारपार गर्ने गरेको सम्झना जीवनको अन्तिम कालसम्म पनि उहाँको दिमागमा ताजै थियो ।

पञ्चायतकालमा अनेक धम्की र त्रासका बाबजुद द्वारिकादेवी प्रजातन्त्रको पक्षमा अविचलित रूपले उभिरहनुभयो । नेपाली काङ्ग्रेसप्रतिको आफ्नो आस्था उहाँले कस्तै जटिल र कठिन अवस्थामा पनि त्याग्नुभएन । महाकाली अञ्चलाधीशले उहाँलाई 'पञ्चायत व्यवस्थालाई स्वीकार गरिनस् भने बलात्कार गरिदिन्छु' भनेर दिएको असभ्य धम्की होस् वा सीडीयो योगेन्द्र झाले वैशाखको तराईमा चार घण्टासम्म घाममा उभ्याएर गरेको अपमान होस्, यस्ता सबै घटनालाई

उहाँले प्रजातन्त्रको पक्षमा उभिँदा आइपर्ने सामान्य घटनाका रूपमा लिनुभयो ।

उमेरले भ्याउने हुँदासम्म द्वारिकादेवीले आफूलाई नेपाली काङ्ग्रेसको पक्षमा उभ्याइरहनुभयो । ०४८ को निर्वाचनमा नेपाली काङ्ग्रेसका उम्मेदवार शेरबहादुर देउवालाई जिताउन द्वारिकादेवी वृद्ध शरीर लिएर खट्नुभएको थियो । क्यान्सरले गाँज्दै गएपछि अशक्त हुन थाल्नुभएकी नेपालकी प्रथम महिलामन्त्री द्वारिकादेवी ठकुरानीको ०५९ मङ्सिर २४ गते ८८ वर्षको उमेरमा निधन भयो ।

द्वारिकादेवी जुन समयमा राजनीतिमा क्रियाशील हुनुहुन्थ्यो, त्यस समयमा महिलाहरूले शिर ठाडो पारेर कुरा गर्नुलाई पनि अपराधजस्तै मानिन्थ्यो । आफूमाथि लागेका अनेका आरोप र लाञ्छनालाई चिर्दै उहाँ जसरी राजनीतिमा हेलिनुभयो, त्यसले नेपाली महिला आन्दोलनको इतिहासमा चेतना र जागरणको नयाँ सूत्रपात गरेको थियो, जुन अहिलेको पुस्ताले चाहेर पनि भुल्न सक्दैन ।

◆